# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## हरिहरपुरगढी गाउँपालिका
## सिन्धुली

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## हरिहरपुरगढी गाउँपालिका
## सिन्धुली

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## हरिहरपुरगढी गाउँपालिका

## सिन्धुली

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर, बबरमहल, काठमाडौं, नेपाल**

**शासकीय लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १७२

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्ष ज्यू ,

हरिहरपुरगढी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

हरिहरपुरगढी, सिन्धुली ।

१. **कैफियत सहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड ३६ लाख ८४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. १ करोड ६४ लाख ५६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.८ लाख २२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ लाख १६ हजार, नियमित गर्नुपर्ने रु. ५५ लाख ९० हजार समेत गरी यस वर्ष रु. ७२ लाख २८ हजार बेरुजू कायम रहेको छ । हरिहरपुरगढी गाँउपालिकाको गतवर्ष सम्म रु. ६ करोड **८५** लाख **७९** हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. **७** करोड **५८**


लाख ७ हजार रहेको छ । हरिहरपुरगढी गाँउपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने हरिहरपुरगढी गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी हरिहरपुरगढी गाँउपालिकाको व्यवस्थापनमा रहेको छ । नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



( शंकरप्रसाद पन्थी )

**नायब महालेखापरीक्षक**

हरिहरपुरगढी गाँउपालिका,
सिन्धुली जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | ३२ | २३६८४ | १ | १२ | १६४५६ | ५१ | २० | ७२२८ | ८२२ | ५५९० | ८१६ | ० | ० | ६४०६ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुली | ६८५७९ | ० | ० | ६८५७९ | ० | ७२२८ | ७५८०७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ३० | राजश्व असुली | ३४३०० |
| २ | ०७९।८० | ३९ | प्रमाण पेश भएको | ३८८००० |
| ३ | ०७९।८० | ४२ | प्रमाण पेश भएको | ५००००० |
| ४ | ०७९।०८० | ४३ | नियमित भएको | २१०६०२९ |
| ५ | ०७९।०८० | ४९ | नियमित भएको | ६४९९०० |
| ५ | ०७९।०८० | ५१ | नियमित भएको | २६६११४२ |
| ६ | ०७९।०८० | ५७ | नियमित भएको | ६८४६७५६ |
| ७ | ०७९।०८० | ५९ | नियमित भएको | १८६६९१३ |
| ८ | ०७९।८० | ६२ | संघीय विशेष अनुदान सम्बन्धी नियमित भएको | १४०३१९२ |
| | कुल जम्मा | - | - | १६४५६२३२ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## १ परिचय

**(क) कार्यालय परिचय :-** 1. स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल ३४३.९ वर्ग किलोमिटर तथा २७७२७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । लेखापरीक्षण अवधी २०८०।१०।१४ देखी २०८०।१०।१६ सम्मरहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय व्ययको विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७२०७७।२५ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| कार्यक्रम/ ब.उ.शी.नं. | वापत | रकम | मिति |
|---|---|---|---|
| आन्तरीक आय | आन्तरिक आम्दानी घटी दाखिला | २९०७७।२५ | २०८०।१०।१७ |
| संघिय शसर्त | बढी निकासा भएको पाठ्यपुस्त रकम | ४३००० | २०८०।१२।१४ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | गतवर्ष रु. |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | जम्मा |
| प्राप्ती (क+ख) | | ६९२०४०७२७ | ५१९२६३८६५ | ५१९२६३८६५ | ५३२३४७२८४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६७००५७००० | ४९०९२४८१४ | ४९०९२४८१४ | ५३०६०६५१४ |
| ११००० कर | ११ | १५८४३०००० | १३६१७४३२५ | १३६१७४३२५ | १२८८१३६७९ |
| १३००० अनुदान | | ३८४५८३००० | ३४२६७७४३६ | ३४२६७७४३६ | ३८६१३८००० |
| संघीय सरकार | १२ | ३३२४७८००० | २९९४६६६०७ | २९९४६६६०७ | ३३५६७२००० |
| प्रदेश सरकार | १२ | ५२१०५००० | ४३२१०८२९ | ४३२१०८२९ | ५०४६६००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | ८१५६०००० | १२०७३०५३ | १२०७३०५३ | १५६५४८३६ |
| ३२००० वित्तीय सम्पत्ति | | ४५४८४००० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २१९८३७२७ | २८३३९०५१ | २८३३९०५१ | १७४०७७० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | २१९८३७२७ | २५२०२६५५ | २५२०२६५५ | १७४०७७० |
| धरौटी | | ० | ३१३६३९६ | ३१३६३९६ | ० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६९२०४०७२७ | ५१८५६५५१४ | ५१८५६५५१४ | ४७७३१३६८१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६७००५७००० | ५०२८६१५१६ | ५०२८६१५१६ | ४७२९३१०१४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २३१२१६००० | १९९८५२५५२ | १९९८५२५५२ | १६७६७५४०४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५३३४०००० | १०५३४९६७१ | १०५३४९६७१ | ९४७३१०६५ |
| २५००० सहायता ( Subsidy) | १८ | १२३६००० | ६००००० | ६००००० | ६४०२०० |
| २६००० अनुदान | १८ | ४५०००००० | ३०००००० | ३०००००० | ८०००००० |
| २७००० सामाजिक सुरक्षा | १८ | १२८७५००० | ७०४७७२० | ७०४७७२० | ५१०१३८५ |
| २८००० अन्य खर्च | १८ | ४२०००००० | १३२९९२० | १३२९९२० | १६४९३७० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २६२६९०००० | १८५६८१६५३ | १८५६८१६५३ | १९५१३३५९० |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | २१९८३७२७ | १५७०३९९८ | १५७०३९९८ | ४७७३१३६८१ |
| कोषहरु | | २१९८३७२७ | १४१९६१६५ | १४१९६१६५ | ४३८२६६७ |
| धरौटी | | ० | १५६८१९८ | १५६८१९८ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -६०३६५ | -६०३६५ | |
| ङ. यो वर्षको बचत (न्युन) | | | ६९८३५० | ६९८३५० | ५५०३३६०३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १२०८९५०९४ | १२०८९५०९४ | ५२५६५३३८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १२१५९३४४४ | १२१५९३४४४ | १०७५९८९४१ |
| बैंक तथा नगद बाकी | २४ | | १०३३७९८२६ | १०३३७९८२६ | १०७५९८९४१ |

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७५२९८७८५.७१, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३००००००.००, प्रदेश तथा स्थानिय सहयोग कार्यक्रम रु.१२०७०२३३।०० समेत गरी रु.११७३९६१८।७१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि नं | आयतर्फ | | व्ययतर्फ | |
|---|---|---|---|---|
| | विवरण | रकम | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेबारी सारेको | ५६३८७५७८.४६ | बैङ्क मौज्दात | ४३९४२३९६.१५ |
| | संचितकोष अल्या | ४२१३९११९.०७ | संचितकोष बैङ्क मौज्दात | २९६९९५८९.७६ |
| | प्रकोप व्यवस्थापन कोष अल्या | ३६०५९४.३३ | प्रकोप व्यवस्थापन कोष | ३७२७२८.३३ |
| | कर्मचारी कल्याण कोष अल्या | ३७६५४.५६ | कर्मचारी कल्याण कोष | ३३९४३७.५६ |

| | | | | |
|---|---|---|---|---|
| | विविध खर्च खाता अल्या | ८४२८७५५. | विविध खर्च खाता | ५८६६९७१. |
| | विभाज्य कोष खाता अल्या | ० | विभाज्य कोष खाता मौज्दात | ० |
| | धरौटी अल्या | ५४२१४५५.५ | धरौटी बैङ्क मौज्दात | ७६६३६६९.५ |
| २ | आन्तरिक आय | २६२५०६९९.२१ | चालु/पुजिगत खर्च | ५०२८६१५१६.१३ |
| | | | जम्मा चालु खर्च | ३१७१७९८६३.१३ |
| | | | जम्मा पुजिगत खर्च | १८५६८१६५३. |
| ३ | वित्तिय हस्तान्तरण (संघ) | ३२४१९५५००. | वित्तिय हस्तान्तरण (संघ) फिर्ता | २४७३१७१९.७७ |
| | १३३११ समानिकरण अनुदान | १००९१७५००. | चालु/ खर्च फिर्ता | १३५०५१६३.७७ |
| | | | पुजिगत फिर्ता | ११२२६५५६. |
| | १३३१२ शसर्त अनुदान | १९७२७८०००. | | |
| | १३३१५ विशेष अनुदान पूजिगत | १४००००००. | | |
| | १३३१७ समपुरक अनुदान पूजिगत | १२००००००. | | |
| ४ | वित्तिय हस्तान्तरण (प्रदेश) | ५२१०५०००. | वित्तिय हस्तान्तरण (प्रदेश) फिर्ता | ८८९४१७०.९५ |
| | १३३११ समानिकरण अनुदान | ९८२८०००. | चालु/ खर्च फिर्ता | ६७६९४९.९५ |
| | १३३१२ शसर्त अनुदान | २१२७४०००. | पुजिगत फिर्ता | ८२१७२२१. |
| | १३३१४ विषेश अनुदान | ११०००००० | | |
| | १३३१६ समपुरक अनुदान | १०००३०००. | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | राजश्व बाँडफाँट | १२१४९६६७८.३३ | राजश्व बाँडफाँट खर्च | ० |
| | बाँडफाँड वाट प्राप्त राजश्व संघ | ९१२३८१८८.९ | | |
| | बाँडफाँड वाट प्राप्त राजश्व प्रदेश | ३०२५८४८९.४३ | | |
| ६ | कोषहरु | १६१२३६२०. | कोषहरु खर्च | १६१२९२७३. |
| | धरौटी आम्दानी | ३९३५५७२. | धरौटी फिर्ता | १६९३३५८. |
| | कर्मचारी कल्याण कोष | २४०००००. | कर्मचारी कल्याण कोष | २०९८२१७. |
| | प्रकोप व्यवस्थापन कोष | ५०००००. | प्रकोप व्यवस्थापन कोष | ४८७८६६. |
| | विविध खर्च खाता | ९२८८०४८. | विविध खर्च खाता | ११८४९८३२. |
| | | | फिर्ता गर्न वाकि | ० |
| ७ | प्रदेश तथा स्थानिय सहयोग कार्यक्रम | १२०७०२३३. | प्रदेश तथा स्थानिय सहयोग कार्यक्रम | १२०७०२३३. |
| ८ | सामाजिक सुरक्षा तथा संरक्षण आम्दानी | ७५२९८७८५.७१ | सामाजिक सुरक्षा तथा संरक्षण आम्दानी | ७५२९८७८५.७१ |
| ९ | एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम | ३००००००००. | एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम | ३००००००००. |
| | जम्मा रु | ७१३९२८०९४.७१ | | ७१३९२८०९४.७१ |

२.३ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६४५०७५१५.२९ , यस वर्षको प्राप्ति रु. १३८२७६६५२ यस वर्षको भुक्तानी रु. १६७१२४१८२ र बैङ्क मौज्दात रु. ५९४३७४२९ फरक परेको छ । पालिकाको आर्थिक वर्ष २०७८।७९ को म.ले.प.फा.नं.२७२ अनुसुची २१ बमोजिम फिर्तागर्न बाँकी रकम रकम आर्थिक वर्ष

२०७९।८० मा राजस्व खाता र संचित कोष खातामा कारोबार भिन्नता रु.६५५४२६४३।७५ भनि श्रेस्ता अनुसार बाँकी देखाएकोले मौज्दात देखिएको तर उक्त रकम गत वर्ष असारमा गर्नुपर्नेमा साउनमा फिर्ता गरेको तर पोष्टिङ त्रुटीले बाँकी देखिएको जनाएको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | १२०८९५०९४ | ५१९२६३८६५ | ५०२८६१५१६ | १०३३७९८२६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५६३८७५७८ | ६५७५४०५१६ | ६६९९८५६९९ | ४३९४२३९६ |
| फरक | ६४५०७५१५ | १३८२७६६५२ | १६७१२४१८२ | ५९४३७४२९ |

२.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १२,३८,७८,५५३.२६ मौज्दात रहेकोमा यो वर्ष रु. ५६३८७५७८.४६ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६७४९०९७४.८० घटी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले रु.६६०४२६१३।६७ फिर्ता गरेकोले रकम सुत्रमा नघटेकोले उक्त रकम घटाई नपुग रु.१४४८३६१।१३ सम्वन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

२.५ **कर दायित्व —** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ६०,३६५।- देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,३६५ |

२.६ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले पेश गरेको मौज्दातको विवरण निम्नानुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| संचितकोष बैङ्क मौज्दात | २९६९९५९० | २९६९९५९० | ० |
| प्रकोप व्यवस्थापन कोष | ३७२७२८ | ३७२७२८ | ० |
| कर्मचारी कल्याण कोष | ३३९४३८ | ३३९४३८ | ० |
| विविध खर्च खाता | ५८६६९७१ | ५८६६९७१ | ० |
| विभाज्य कोष खाता मौज्दात | ० | ० | ० |
| धरौटी बैङ्क मौज्दात | ७६६३६७० | ७६६३६७० | ० |
| बैङ्क मौज्दात | ४३९४२३९६ | ४३९४२३९६ | ० |

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- स्वथानीय सेवा गठन तथा संचालन ऐन २०८९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- म.ले.प फारामहरुः कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गर्नुपर्ने ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ४ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरे पनि समयसिमाभित्र उपलब्ध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ५ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ६ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.६५ करोड ३८ लाख ७९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२३ प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ७ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | १८५६८१६५३.०० | ५६५२२०४.०० | १९४३१५९०.०० | ५९७०८५९४.०० | १००८८९२६५.०० | ५६५२२०४.०० |
| प्रतिशत | | ३.०४ | १०.४७ | ३२.१६ | ५४.३३ | ३.०४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १८५६८१६५३.०० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ५६५२२०४.०० (३.०४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १९४३१५९०.०० (१०.४७ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ५९७०८५९४.०० (३२.१६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१००८८९२६५.००(५४.३३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५६५२२०४.०० (३.०४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ८ योजना प्राथमीकिकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले पुर्वाधारतर्फ आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल २२४ योजनामा वजेट विनियोजन गरेको छ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ११० | १५ | १७ | ७८ |
| २ | वडास्तरीय | २१९ | ० | २० | १९९ |
| | जम्मा | ३२९ | १५ | ३७ | २७७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २३० योजनामात्र कार्यान्वयन भई ९९ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ९ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८५६८१६५३.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## १० क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८४८०२६००.०० | ५६४१५३०९.०० | ११.२२ |
| २ | सामाजिक विकास | २४३९३२४००.०० | १९७२६७६४०.७२ | ३९.२३ |
| ३ | पूर्वाधार विकास | १४८९०३०००.०० | १०६६७६७९६.०० | २१.२१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३५८७०००.०० | १०११९७३७.०० | २.०१ |

| | | | | |
|---|---|---|---|---|
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १७८८३२०००.०० | १३२३८२०३३.४१ | २६.३३ |
| | जम्मा | ६७००५७०००.०० | ५०२८६१५१६.१३ | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३९.२३ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २.०१ प्रतिशत रहेको छ ।

## ११ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार भएपनि समयसिमाभित्र उपलब्ध गराएको पाइएन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## १२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## १३ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## १४ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२६२५०६९९।२१ राजस्व बाँडफाँड र अनुदानबाट रु.३७६३००५००।०० तथा कोष समेत रु.५९६५५९०७६।०० आम्दानी भएकोमा चालु तर्फ रु.३१७१७९८६३।१३ र पूँजिगत तर्फ रु.१८५६८१६५३।०० समेत रु.५०२८६१५१६।१३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.२२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८१६६२१३।०० ( बैठकभत्ता , अन्य सुविधा तथा इन्धन समेत) खर्च भएको छ जुन आन्तरिक आयको ३१.११ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.०७ प्रतिशत चालु र ३६.९३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १५ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% भन्दा बढी प्रगति |
| कार्यक्रम संख्या | ३२९ | ९९ | ० | ० | ० | २३० |

## १६ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता

देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १७ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट १४ सहकारी मात्र विवरण दाखिला गरेको पालिकाले जनाएको छ । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## १८ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## १९ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## २० कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३० वटा ऐन, ७ वटा नियमावली, ४८

कार्यविधि ५ निर्देशिका र २ नर्मस लगायत ९२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## २१ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३ र यो वर्ष थप भएको ५ गरी कुल १८ विवाद दर्ता भएकोमा १५ वटा मात्र फस्यौंट भई ३बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २२ कर्मचारी व्यवस्था

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ वमोजिम स्थानीय सेवाका कार्मचारीले गर्नुपर्ने कामका लागि करारमा नियुक्ती गर्न नपाईने उल्लेख छ । त्यस्तै सोही ऐनको दफा ९ (१४) मा पाँचौ तथा चौथो तहको कम्प्यूटर अपरेटर, सवारी चालक, इलेक्ट्रिसियन, चौकीदार, स्वीपर, प्लम्बर, मालि, सरसफाईकर्मी, कार्यालय सहयोगी, चौकीदार लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले विभिन्न पदमा करारमा कर्मचारी नियुक्त गरी रु.१,६०,२२,९०८.०० खर्च लेखेकोमा ऐनले करारमा राख्न पाउने उल्लेख भएका पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.३६६२३४३।०० भुक्तानी गरेको पाइयो ।त्यसै गरि स्वीकृत दरबन्दीभन्दा १५ जना बढी नियुक्ती गरी बढी व्यय भार समेत परेको देखियो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| इन्जिनियर | १ | ५९६०६३ |
| सव इन्जिनियर | ३ | १२८३१७८ |
| अनमी / अहेव | ४ | १७८३१०२ |
| | जम्मा | ३६६२३४३ |
| | अनियमित भएको | ३६,६२,३४३ |

## २३ कर्मचारी प्रोत्साहन भत्ता

*✍ ..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट सम्परीक्षण गरिएको ।)*

**२४ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर जस्ता पदहरु करारमा राखेको छ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

**२५ म्याद ननाघेको पेस्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष १५ शैया अस्पताल निर्माण कार्यक्रममा सिनर्जी—राजदेवी भक्त—आर.पी. जे भी लाई रु.६०००००.०० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गरी फस्यौंट गर्नुपर्दछ ।

| SN | पेश्की लिएको मिति | गो. भौ . न . | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ . व . | | | गत आ. व . सम्मको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | | म्याद नाघेको | म्याद ननाघेको | |
| | | | | रकम | फछ्र्यौटको अन्तिम म्याद | | रकम | फछ्र्यौटको अन्तिम म्याद |
| १ | पेश्की लिएको मिति | गो. भौ . न . | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म रकम | १० | ११ | १२ | १३ |
| | पदाधिकारी | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०४/०१/२०७९ | १ | झलक कुमार माझी | ० | | ० | १,०५,०००.०० | ०३/३१/२०८० |
| | ठेकेदार | | | | | | | |
| २ | ०९/०१/२०७९ | २४ | सिनर्जी— राजदेवी भक्त — आर . पी . जे भी | ६,००,०००.०० | १०/०६/२०७९ | ० | ० | |
| ३ | ०४/०१/२०७९ | १ | शिक्षा निति तथा अभ्यास केन्द्र | ० | | ० | १,३१,०००.०० | ०३/३१/२०८० |
| ४ | ०४/०१/२०७९ | १ | सुजनप्रसाद भट्टाराई | ० | | ० | २,८०,०००.०० | ०३/३१/२०८० |
| कुल जम्मा | | | | ६,००,०००.०० | | ० | ५,१६,०००.०० | |

## २६ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.८८१३६०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२६२५०६९९.२१ अर्थात अनुमान भन्दा ७०.२२

प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## २७ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४४५५५८७१६.१३ | २६२५०६९९.२१ | ५.८९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.८९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २८ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५३५०००० | ४५७१०६७ | ८५.४४ |
| घरजग्गा वहाल कर | ५००००० | १४४६५६ | २८.९३ |
| व्यवसाय कर | १२००००० | १७५०००० | १४५.८३ |
| वहाल विरौटी शुल्क | १०००००० | ० | ०.०० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

## २९ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क शिर्षक उल्लेख नगरेको तथा व्यवसाय कर वापत रु.१७५००००.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३० **राजस्व असुली**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. ३४,३०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१ **न्यायीक भत्ताः** (३७०-२०७९-१२-१५):

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसुचि १ मा पदाधिकारीहरुले मात्र सेवा सुविधा पाउने व्यवस्था रहेको छ । स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रकृयाको व्यवस्था छ । न्यायीक सहजकर्ता र समितिको सदस्य भइ काम गर्ने कर्मचारी र कानुनी सहजकर्तालाई भत्ता भुक्तानी गरेकोले भुक्तानी दिन नमिल्ने हुँदा असुल गर्नु पर्दछ ।

| **क्रसं** | **भत्ता पाउने कर्मचारी** | **रकम** |
|---|---|---|
| १ | अधिकृत छैठौ सुदिप लामिछाने | ६८०० |
| २ | कानुनी सहजकर्ता लोक बहादुर गोले | २०४०० |
| | **जम्मा** | **२७२००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,२०० |

३२ **समन्वय भत्ताः**

वागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सम्वधन्धी सम्बन्धी ऐन २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भए अनुसार अनुसुचि २ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था छ

। वागमती प्रदेश सरकारले प्रथम संसोधन मिति २०७७ वैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धि ऐनको अनुसुचि १ मा उल्लेख भएको सुविधा मात्र दिन मिल्ने देखिन्छ । निम्न पदाधिकारीको समन्य भत्तामा १५ प्रतिशत कर रु. १५८४०० कट्टी हुनु पर्नेमा रु.१०५६०।०० मात्र कट्टी गरेकोले नपुग कर रु.१४७८४०।०० असुल हुनु पर्दछ ।

| क. सं . | वडा नं | पदाधिकारीको नाम | पद | नपुग कर |
|---|---|---|---|---|
| १ | ४ | वज्रध्वज वाइवा | गाउपालिका अध्यक्ष | १६८०० |
| २ | ६ | चेखबहादुर थिङ्ग | उपाध्यक्ष | १६८०० |
| ३ | वडा नं १ | विश्व राई | वडाध्यक्ष | ११७६० |
| ४ | वडा नं २ | कुलबहादुर भोलन | वडाध्यक्ष | ११७६० |
| ५ | वडा नं. ३ | कमल कुमार राई | वडाध्यक्ष | ११७६० |
| ६ | वडा नं ४ | याक बहादुर मोक्तान | वडाध्यक्ष | ११७६० |
| ५ | वडा नं ५ | बिचबहादुर मोक्तान | वडाध्यक्ष | ११७६० |
| ६ | वडा नं ६ | धनबहादुर मोक्तान | वडाअध्यक्ष | ११७६० |
| ७ | वडा नं ७ | साइला लामा | वडाअध्यक्ष | ११७६० |
| ८ | कार्यपालिका सदस्य | मोहनकाजी वि. क . | कार्यपालिका सदस्य | ३३६० |
| ९ | कार्यपालिका सदस्य | सुन्तली राई | कार्यपालिका सदस्य | ३३६० |
| १० | कार्यपालिका सदस्य | सोमिमाया रानामगर | कार्यपालिका सदस्य | ३३६० |
| ११ | कार्यपालिका सदस्य | दिलकुमारी कामी | कार्यपालिका सदस्य | ३३६० |
| १२ | कार्यपालिका सदस्य | दुर्गामाया वि. क . | कार्यपालिक सदस्य | ३३६० |
| १३ | कार्यपालिका सदस्य | छविमाया मुक्तान | कार्यपालिका सदस्य | ३३६० |
| जम्मा | | | | १४७८४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४७,८४० |

३३ **राष्ट्रिय केम्पो खुकुरीः :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) विल भरपाइ एवं प्रमाण कागजात सहित लेखा राख्ने व्यवस्था छ । राष्ट्रिय केम्पो खुकुरी मार्शल आर्टशलाइ त्रिपुरेश्वर काठमाडौलाई कार्यक्रम संचालन सम्झौता गरि भुक्तानी दिएको रकम रु.५०००००।०० कार्यक्रम सम्पन गरेको प्रतिवेदन खर्च पुष्टयाई गर्ने कागजात र बील भरपाइ सहित खर्च नलेखेकोले सो प्रमाण पेश हुनु पर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

३४ **भत्ताः**

वागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ दफा ४ मा सदस्यको भत्ता सम्बन्धमा पदाधिकारीले मात्र पाउने व्यवस्था गरेको छ । ८ वटै वडामा कार्यरत सचिवहरुले मासिक ४ वटा वैठकको रु १००० का दरले वार्षिक ३८४ वैठकको भत्ता बुझेको पाइयो । पदाधिकारीलाई भुक्तानी दिने कानुनी व्यवस्था भएकोमा कर्मचारीलाई भुक्तानी दिन नमिल्ने हुँदा भुक्तानी भएको भत्ता रु. ३८४०००।०० मा कर कट्टा रु.५७६००।०० गरी खुद रु.३२६४८०।०० भुक्तानी गरेकोले असुल हुनु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२६,४८० |

३५ **महंगीभत्ताः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं च. नं १८।०७३।७४ चं.नं २१७ मिति २०७४।१।२५ अनुसार करारमा कर्मचारीलाई महंगी भत्ता उपलब्ध गराउन नमिल्ने गरी परिपत्र भएकोमा पालिकाले करारमा कार्यरत देहायका कर्मचारीलाई महंगी भत्ता भुक्तानी दिएको छ । उक्त परिपत्र विपरित भुक्तानी भएको महंगी भत्ता असुल हुनु पर्दछ ।

| **क्र.स.** | **कर्मचारीको नाम** | **रकम** |
|---|---|---|
| १ | ना.सु यादव बहादुर आचार्य | २४००० |
| २ | ना.सुदिपक कार्की | २४००० |
| ३ | ई. भिष्मदिप सुनुवार | १२००० |
| ४ | आ.टि.अधिकृत मिलन श्रेष्ठ | १२००० |
| ५ | ना.प्र.स.कृषि सुजन प्रसाद भट्टराई | १२००० |
| ६ | ना.प्र.स्वा. राजेश कुमार मैनाली | १२००० |
| ७ | ना.प्र.स्वा. प्रा. बिपिन कुमार राई | १२००० |
| **जम्मा** | | **१०८०००.००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,००० |

३६ **अनुगमन भत्ता**

बागमती प्रदेश सरकारद्वारा प्रकाशित स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सेवासुविधा सम्वन्धि ऐन,२०७५ मा स्थानिय पदाधाकारीहरुले स्थानिय क्षेत्रभित्रका योजनाहरुको अनुगमन गर्ने कार्यवापत भत्ता उपलव्ध गराउने व्यवस्था नभएकोमा पालिकाको निर्णय बमोजिम पदाधिकारीहरुलाई निम्न योजना तथा कार्यक्रम अनुगमन गरेवापत रु.१५००। का दरले रु.२२५०००।०० भत्ता भुक्तानी गरेको देखियो।पदाधिकारी सुविधा प्रदेश सरकारले स्थानिय जनप्रतिनिधिको सुविधा सम्वन्धि बनाएको कानुन बमोजिम तथा कर्मचारीको हकमा प्रदेश तथा स्थानिय कानुन बमोजिम हुने व्यवस्था भएकोमा सो कानुनमा उल्लेख नभएको अवस्थामा पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन ।

| भौ नं र मिति | कार्यक्रम | भुक्तानी पाउने संख्या | रकम |
|---|---|---|---|
| २१८।२०८०।३।२० | सामाजिक सुरक्षा तथा व्यक्तगत दर्ता घट्ना दर्ता सम्वन्धि कार्यक्रम अनुगमन | ११ जना | ६३००० |
| १९१।२०८०।३।२७ | गरिवि निवारणका लागी लघु उधम विकास कार्यक्रम | ६ जना | ९००० |
| १४५।२०८०।२।२५ | | ६ जना | ९००० |
| ७१।२०७९।११।१९ | | ७ जना | ९००० |
| १०९।२०८०।१।२४ | | १४ जना | २१००० |
| १३८।२०८०।०२।१७ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ७ जना | ११४००० |
| जम्मा | | | २२५००० |

| | |
|---|---|
| अनियमित भएको | २,२५,००० |

३७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ अनुसार स्थानिय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाइ न्युनतम रोजगारीको प्रत्याभुत गराउन एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकहरुको जिवनयापनमा सुधार ल्याउने उद्यश्यले स्थानियतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ८ वडामा ८ योजना संचालन गरी यस वर्ष ३३ जनालाइ ओसतः ९५.१७ दिनले ३१४० दिन रोजगारीःउपलव्ध गराइ रु २००९६०० श्रमिक ज्याला खर्च गरेको छ।पालिकामा नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलेकोले दोहोरो परे नपरेको सम्वन्धमा स्पस्ट हुन सकिएन। योजना दोहोरो नहुने गरी छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालिन रोजगारी सृजना भएको देखिदैन। तसर्थ कार्यक्रम संचालन निर्देशिका वमोजिम व्यवस्थित तवरले कार्य संचालन गर्नुपर्दछ।

३८ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा–महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्मसँग रु २४६८३१४।८० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३९ **कलाघरः**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. ३८८,००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४० **पम्प खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ अनुसार सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधीनमा रही तयार गर्नुपर्दछ।पालिकाले ३ थान ३ HP र १२ थान २ HP को पम्पसेट तथा मोटर खरिद गर्न लागत अनुमान रु.१९९१२६२।२७ तयार गरी श्रेष्ठ मेसिनरी कन्सर्नसँग रु.११३१०२९।०० मा खरिद गरेको छ । उक्त सामानको लागत अनुमान तयार गर्दा HP निर्धारण बाहेक अन्य कुनै पनि स्पेशिफिकेशन नबनाई खरिद गरेको छ । सामानको मुल्य निर्धारण उक्त सामानको स्पेशिफिकेशन अनुसार हुने भएकोले लागत तयार गरेको सामान तथा प्राप्त गरेको सामान सम्वन्धमा एकिन हुने अवस्था देखिंदैन ।

४१ **रेडियोलाई भुक्तानी** (२९८-२०८०-२-३२):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित निजि संस्थालाई संचालन रकम उपलब्ध गराउन नमिल्नेमा पालिकाले यस वर्ष रेडियो मरिण १०२.६ मेगाहर्जलाई रु.९७०५९६।०० को कार्यक्रम उत्पादनसँग सम्वन्धित सामग्री खरिद गरि भुक्तानी गरेको छ । अतः सो सम्वन्धमा पालिकाले सामाग्री सहित स्टुडियो आफ्नै स्वामित्वमा रहनेगरी कार्यक्रम उत्पादन गर्ने उद्देश्यले सामान खरिद गर्न रकम भुक्तानी गरेको र कार्यक्रम सम्झौता वमोजिम संचालन नगरे स्वामित्व फिर्ता गरी अन्यत्रबाट संचालन गर्न सकिने छलफलका क्रममा जनाएको छ । अतः उक्त खर्च नियम सम्मत देखिएन ।.

| | |
|---|---|
| अनियमित भएको | ९,७०,५९६ |

४२ **दमकल खरिद** (२९७-२०८०-३-७):

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. ५००,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४३ **टुक्रा पारी खरिद गरेको**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. २,१०६,०२९ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

४४ **युवा स्वरोजगार घुम्ती कोष**

उद्यमशिल युवाहरुकालागि पालिकाले सुलभ ऋण प्रवाह गर्न एउटा युवा स्वरोजगार कोषको स्थापना गरेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्:

- हरिहरपुरगढी गाउँपालिकाको यूवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को बुदा नं १७(ख) अनुसार प्रतिव्यक्ति ५० हजारमा नबढ्नेगरी प्रति सहकारी रु.५० लाख सहुलियतपुर्ण कर्जा उपलब्ध गराईने, गाउपालिकाले १ प्रतिशत ब्याजदरमा सहकारी संस्थालको लागी ऋण उपलब्ध गराउने र सहकारीले उद्यमीलाई ४ प्रतिशत ब्याज दरमा कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले विभिन्न कार्यविधि तयार गरी सिधै लाभग्राहीलाई सहुलियतपुर्ण कर्जा दिनुपर्नेमा सहकारी मार्फत सहकारीले १ प्रतिशतमा लिने तर लाभग्राहीलाई ४ प्रतिशतमा ऋण प्रवाह गर्ने गरी पालिकाको लगानीबाट सहकारीले ३ प्रतिशत लाभ प्राप्त गर्ने गरी कार्यविधि तयार गर्नुको औचित्य पुष्टि हुनुपर्दछ ।
- देशभरी सहकारीहरुमा विभिन्न समस्या देखिएकोमा त्यस्तै समस्या आउन सक्ने भएकोले सोको व्यवस्थापन सम्वन्धमा पालिकाले कुनै आन्तरिक नियन्त्रण कार्यविधि तथा अध्ययन समेत नगरी ऋण प्रवाह गरेको सम्वन्धमा सम्वन्धित पदाधिकारी जिम्मेवार हुनुपर्दछ ।
- यस वर्ष पालिकाले क्यानेश्वर दुग्ध सहकारी संस्था लि लाई ३० लाख ऋण प्रवाह गरेकोमा छ । पालिकाले प्रवाह गरेको ऋण २ वर्षमा बुझाउनुपर्ने व्यवस्था गरेकोमा ऋण नबुझाएमा असुल गर्ने विधि प्रकृया सम्वन्धमा जमानत तथा सुरक्षण बापतको प्रमाण कागजात व्यवस्थिम गरेको देखिएन ।
- पालिकाले प्रवाह गर्ने लगानी सम्वन्धमा हालसम्मको लगानी तथा लगानीबाट प्राप्त प्रतिफल देखिने गरी हिसाबकिताब एकिकृत आयव्ययमा जनाएको छैन ।

४५ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर

सहितका भवन, पुल, कल्भर्ट, निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् ।

| भौ नं | योजनाको नाम | लागत अनुमान | मुल्यांकन | भुक्तानी |
|---|---|---|---|---|
| ११७-०७९।१२।२ | कुन्तेश्वर प्रा वि क्यान भुताहा भवन निर्माण | ३२३७६३७ | ३१८२६०४ | २८६४३४२ |
| २८३-०८०।२।३२ | | | | |
| २०१-०८०।१।२५ | वडा नं ६ कार्यालय भवन अधुरो काम | १६१६९७४ | १५७७९८४ | १४२०१८५ |

४६ **१५ शय्याको अस्पताल निर्माण**

१५ शय्या अस्पताल निर्माण गर्न रु २६९१२९०६४ मु अ कर पि एस र कन्टिन्जेन्सी सहित लागत अनुमान स्वीकृत भई रु २१८१९०९४४।६० मु अ कर पि एस समेतमा निर्माण व्यवसायी श्री सिनर्जी राजदेबी भक्त आर पि जे भि संग मिति २०८१।६।६ भित्र कार्यसम्पादन गर्ने गरि मिति २०७९।६।७ मा बहुवर्षिय ठेक्का सम्झौता भएकोमा देखिएका व्योहोरा देहाय अनुसार छन ।

४६.१ यस आर्थिक वर्षमा १५ शैयाको भवन निर्माण गर्न संघीय सरकार हस्तान्तरीत कार्यक्रम (एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम) बाट रु १८००००००।०० र गाउपालिकाबाट ४५९२५९४४।६० समेत रु २२५९२५९४४।६० कन्टिन्जेन्सी समेत व्यहोर्ने गरि खरिद सम्झौता भएकोमा अर्थमन्त्रालयबाट स्रोत सुनिश्चितता गरेको पत्र लेखापरिक्षणमा पेश भएन । स्रोत सुनिश्चितता गरेको प्रमाण पेश नभएकोले निर्माण कार्यका लागि बजेट प्राप्त हुने आधार देखिन ।अत स्रोत सुनिश्चित नगरी ठेक्का पट्टा व्यवस्थापन गरेकोले निर्माण कार्य सम्पन्न हुनेमा विश्वास गर्ने आधार नभएकोले सो प्रमाण पेश गर्नुपर्दछ।

४६.२ **भुक्तानी बाकीः** निर्माण व्यवसायीलाइ खरिद सम्झौत अनुसार यस आर्थिक वर्षमा रु ९५००००० पेश्की भुक्तानी गरेको र प्रथम रनिङ विल रु २३१८३२५०।३० पेश भएकोमा रु २००९१५७९ भुक्तानी भएकाले रु ३०९१६७१।३० भुक्तानी हुन बाकी रहेको देखिन्छ ।बजेट रकम नभएकोले भुक्तानी हुन नसकेको पालिकाको भनाइ रहेको छ । बहुवर्षिय योजना स्वीकृत गर्ने तर तोकीएको बजेट विनियोजन नगर्ने हुँदा निर्माण कार्य भएपनी भुक्तानी हुनसक्ने स्थिति देखिएन ।

४६.३ **न्युन वजेट विनियोजनः** २ आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा नेपाल सरकारको हस्तान्तरित कार्यक्रम ( एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्र) यस आर्थिक वर्ष २०७९।८० मा ३०००००००( १६. ६७ प्रतिशत ) र आर्थिक वर्ष २०८०।८१ रु ६३०००००(३. ५ प्रतिशत ) वजेट विनियोजन भएको देखियो ।त्यसैगरी गाउपालिकाले आर्थिक वर्ष २०७९।८० मा १९१५०००० आन्तरिक स्रोतबाट बजेट विनियोजन गरेकोमा शुन्य प्रतिशत खर्च र यस आर्थिक वर्षमा रु २०००००००वजेट विनियोजन आन्तरिक स्रोतबाट देखाएकोमा गतबर्ष आन्तरिक स्रोत रु.२६२५०६९९।२१ असुली भएकोले आन्तरीक स्रोतको आम्दानी घटी हुने हुदा छुटयाइएको बजेट खर्च हुन सक्ने स्थिति छैन । अतः वहुवर्षिय खरिद सम्झौता हुदा श्रोत सुनिश्चत गरी ठेक्का व्यवस्थापन नहुदा निर्माण कार्य अलपत्र हुने अवस्था देखिन्छ। अतः नेपाल सरकारले निर्माण कार्यका लागी बजेट व्यवस्थापन गर्नुपर्ने र गाउपालिकाले पुरानो योजनाको दायित्वको रकम छुट्टयाइ मात्र नया योजना छनौट गर्नुपर्दछ।

४७ **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| कन्यानखोला जमुने पर्ता सडक | जियो वोर्ल्ड प्रा लि | १२००००० | ११९४०५९ |
| कमैया सानोघुम्ने सडक | स्पायर इन्जिनियरिङ्ग एण्ड सर्भिसेज प्रा लि | २०००००० | १९६६२०० |
| राकोदोभान र परमथान पक्की पुल | डि आर एस डेभलपर्स | २०००००० | १९९०८३४ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । कार्यालयको जनशक्तिबाट नसक्ने र नभ्याउने भए प्याकेजिङ गरी प्रतिस्प्रधात्क तरिकाले खरिद कार्य गर्नुपर्दछ ।

४८ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५.१९ देखि ४७.७० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए

नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र स | योजनाको बिवरणा | ठेक्का नं. | बोलपत्र दाता | लागत अनुमान | संझौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Motercycle Kharid | 01/2079/80 | हंसराज हुलास चन्द उन्ड कम्पनी प्रा.लि. काठमान्डौ | २६०००००.०० | २२६३२००.०० | १२.९५ |
| २ | Single Cap Pickup | 02/2079/80 | सिप्रदी टेडीङ प्रा.लि. काठमान्डौ | ५२०००००.०० | ४९३००००.०० | ५.१९ |
| ३ | Tandam Rollet Kharid | 03/2079/80 | जगदम्बा कन्सट्रक्सन सोलुसन प्रा.लि काठमनन्डौ | २७०००००.०० | २४८६०००.०० | ७.९३ |
| ४ | Tractor with Tralley | 04/2079/80 | केसरीचंद भंवारलाल, विराटनगर | २३२७५००.०० | १७७५०००.०० | २३.७४ |
| ५ | Fabrication of steel | 05/2079/80 | होमटेक प्रा. लि. भरतपुर , चितवन | ५९६८६१८.८४ | ५०८७०६३.८० | १४.७७ |
| ६ | Bhutaha Chhayang kebanchuli Road | 06/2079/80 | टु स्टार कन्सट्रक्सन प्रा.लि. हरिहरपुरगढी ७, सिन्धुली | ९७०३६७१.६७ | ५०७४९४९.३० | ४७.७० |
| ७ | Tapkedanda Hitar Limbutar Kushdamar Dhanmana hudei word no 5 milanchock Road | 07/2079/80 | समाज कन्सट्रक्सन एन्ड सप्लार्यस प्रा.लि. हरिहरपुरगढी ५, सिन्धुली | ९७०१७३१.३७ | ६१६९५३५.१० | ३६.४१ |
| ८ | Kyanpul Pratani Besitole Ramandas Ramchuwa Tilbari Hudei Pathari Sadak Starunneti | 08/2079/80 | भुवनेश्वरी - रेडअर्थ जे.भि. काठमान्डौ | २३२१९९७८.१५ | १९६१५६०५.४८ | १५.५२ |
| ९ | Partaha Bhitrijumene Dhadkhola Diversion Jalashya Pokhari | 09/2079/80 | हिमज्योति निर्माण सेवा प्रा.लि. रौतहट | ६७९००००४.०५ | ५०६३१९२.५५ | २५.४३ |
| १० | Word no 1 ko Kudulefedi Nadi Niyantran | 10/2079/80 | संजोग कन्सट्रक्सन एन्ड सप्लायर्स प्रा.लि. क.न.पा. ६ सिन्धुली | ७२७२३१५.६३ | ५२३४९०२.८० | २८.०२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | Word No 2 ko Ratanpur Chainpur Jhanjhane Sharpur Bagmati Nadi Niyantran | 11/2079/80 | संजोग कन्सट्रक्सन एन्ड सप्लायर्स प्रा.लि. क.न.पा. ६ सिन्धुली | ३३९४०४४.६६ | २५६०१२५.०० | २४.५७ |

४९ **सवारी साधन खरिद**

*✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. ६,४९,९०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

५० **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५१ **भेरिएसन नभएको**

*✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. २६,६१,१४२ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

५२ **घटि विजक**

पालिकाले यस वर्षको क्यानपुल (पतानी) देखि वेसि टोल रमनदास रामचुवर तलिवारि हुदै पथाहि सडक स्तरोन्नती कार्यका लागी देहायअनुसार रनिङ विल भुक्तानी गर्दा बजेट खर्च वरावरी निर्माण व्यवसायिले कर विजक जारी गर्नुपर्नेमा घटी कर विजक जारी गरिएको देखियो । पोभिजनल सम (विमा र ल्याव) को छुटै विजक भएकोले जारी गरेको जनाएतापनि निर्माण व्यवसायीलाई भुक्तानी गरेको खर्च बराबरी विजक जारी गर्नुपर्ने हुदा घटी विजक जारी गरेकोले नियमित देखिएन ।.

| गो भौ। मिति | विल संख्या | प्राविधिक मुल्याकन | कर विजक | वजेट खर्च | घटी रकम |
|---|---|---|---|---|---|
| १३।२०७९।११।१८ | प्रथम | ६३३२८१४ | ६२०२८१५ | ६२३२८८१४ | २९९९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६।२०८०।२।११ | तेस्रो तथ अन्तिम | ७११६२०१ | ६४१३८७१ | ७११६२०१ | ७०२३३० |
| जम्मा | | | | | ७३२३२९ |

| | |
|---|---|
| अनियमित भएको | ७,३२,३२९ |

## ५३ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## ५४ बीमा घटि गरेको

सार्वजनिक खरिद नियमावली २०६४ को ११२ बमोजिम बिमा गर्नुपर्ने व्यस्था छ । त्यसै गरि साधारण सम्झौता शर्तमा (GCC) दफा १९.१ अनुसार बिमा सम्झौता अंकको ११५ प्रतिशत गर्नुपर्ने व्यवस्था छ ।देहायको खरिद सम्झौता भएकोमा सम्झौता तथा कानुनले तोकेभन्दा घटी बिमा गराएकाले बाँकी रकमको समेत विमा गराउनुपर्दछ ।

| स ि न | योजना ठेक्का न | निर्माण व्यवसायी | सम्झौता अंक | बिमा गर्नुपर्ने | बिमा गरेको | घटी बिमा |
|---|---|---|---|---|---|---|
| १ | क्यानपुल पर्लानी देखि बेसीटोल रमनदाइ राचुवा तलीबारी हुदै पर्लाहि सडक स्तरोन्नती | भुवनेश्वरी ट्रेड अर्थ जे भि | १९६१५६०५।४८ | २२५५७९४६।३० | १९६१५६०५।६० | २९४२३४१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ताप्केडाडा हाइटार लिम्बुटार र कुशदमार धनमना हुदै वद न ५ को मिल्वानचोर सडक स्तरोन्नती | समाज कंसट्रक्सन एण्ड सप्लायर्स प्रा | ६१६९ ५३५। ३० | ७०९४ ९३५। ३० | ६१६९ ५३५। १० | ९२५ ४३० |
| | | | | | जम्मा | ३८६ ७७७ १ |

५५ **एडभान्स कुक तालिम**

पालिकाले २० जना उद्यमीलाई १५ दिने एड्भान्स कुक तालिम र प्रविधि हस्तान्तरण गर्न कमलामाई पार्टि प्यालेस सिन्धुलिमाढिमा संचालन गरेको छ । हरिहरपुरगढी गाउँपालिकाको तालिम, गोष्ठी, कार्यशाला, अनुगमन तथा अध्ययन अवलोकन भ्रमण तथा अनुगमन खर्चसम्बन्धी निर्देशिका, २०७५ बमोजिम आवधिक रुपमा सञ्चालन हुने कार्यक्रमका हकमा ३० कार्यदिन सम्मका लागि मुख्य प्रशिक्षकलाई प्रतिदिन अधिकतम रु.१४०० तथा सहायक प्रशिक्षकलाई प्रतिदिन अधिकतम रु. ११०० का दरले १५ दिनको प्रशिक्षक खर्च रु.२१०००।— र सहायक प्रशिक्षक रु.१६५००।०० गरी रु.३७५००।०० भुक्तानी हुनुपर्नेमा रु.७८०००.०० भुक्तानी भएकोले रु.४०५००.०० बढी भुक्तानी भएको, सोही निर्देशिकाको बुदाँ नं १० अनुसार ३० कार्यदिन वा सो भन्दा बढी प्रतिकार्यक्रमका लागि प्रतिदिन रु.४५० का दरले १५ दिनको ६७५० भुक्तानी हुनुपर्नेमा रु.२२५०० भुक्तानी भएकोले रु.१५७५० बढी भुक्तानी भएको छ । यसरी प्रशिक्षक भत्ता र संयोजक भत्ता समेत बढी भुक्तानी भएको रु.५६२५०।०० को कर कट्टा भएको रकम बाहेक रु.४७८१२।५० असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,८१२.५ |

५६ **अग्रीम कर**

आयकर ऐन २०५८ को दफा ८८ अनुसार परामर्श सेवाबापत रकम भुक्तानी गर्दा मु अ कर बिजक जारी नगरेको अवस्थामा १५ प्रतिशत अग्रीम कर कट्टा गरी भुक्तानी गर्नुपर्दछ । पालिकाले विभिन्न झोलुङ्गेपुलको परामर्श सेवा वापत परामर्श सेवाको अन्तिम किस्ता वापत रु.८६२७४।०० भुक्तानी गर्दा परामर्शदाता नेपाल रेडक्रस सोसाइटि सिन्धुली जिल्ला शाखालाई भुक्तानीमा अग्रीम कर १५ प्रतिशतले रु.१२९४१।०० कट्टा गर्नुपर्नेमा रु.१२९५ मात्र कट्टा गरेकोले नपुग रु.११६४६।०० को कर छुट पाउने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,६४६ |

५७ **सोझै खरिद**

*✂ ..........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. ६,८४६,७५६ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

५८ **ग्रामिण संचार सञ्जाल निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० अनुसार खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित सेवा प्रदायकले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा एक्काइस दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी अवधि थपको लागि निवेदन दिनुपर्ने उल्लेख छ । पालका क्षेत्रभित्र रहेको सार्वजनिक विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयहरुमा इन्टरनेट जडान गर्न नेपाल दुर संचार प्राधिकरणको सहयोगमा न्यून कबोल गर्ने एरोनेट प्रा.लि.सँग रु.९८३५३५०।५० मा कार्य गर्ने गरी मिति २०७९।१।१२ मा सम्झौता भएको छ । सेवा प्रदायकसँग मिति २०७९।१।१२ मा ३ महिना भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोम प्रथम पटक २०७९ चैत्र मसान्त सम्म थप भएको बमोजिम ६८ मध्ये ६२ स्थानमा मात्र कार्य सम्पन्न भएको छ । तत्पश्चात उक्त सम्झौताको बाँकी काम पनि सम्पन्न गर्ने प्रतिवद्धता गराए पनि म्याद माग गरेको तथा थप गरेको देखिएन । सम्झौता रकमको ६ स्थानमा जडान गर्न बाँकी कार्यको रु.३७४४७५।०० कट्टा गरी बाँकी रु.९४८७८७५।०० यस वर्ष भुक्तानी गरेको छ । आयोजनाको नियमअनुसार म्याद थप गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ ।

५९ **उपभोक्ता समिति मार्फत खरिद**

✂ ...........*(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.* १,८६६,९१३ *सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

६० **ल्याब टेस्ट नभएको** (१२१-२०८०-१-१६):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ बमोजिम मालसामान खरिद गर्दा प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । आपटार बेलटार पाँग्रे सडक निर्माण गर्न उपभोक्ता समिति मार्फत निर्माण कार्य गरी रु.११५३९३८ भुक्तानी गरेको छ । आयोजना निर्माणमा प्रयोग हुने तारजाली खरिद बापत रु.१५४३८०।०० को विल पेश भएकोमा उक्त तारजालीको Galvanized Test गरेको प्रमाण पेश गरेको छैन । सामग्री खरिदमा तोकिए बमोजिमको गुणस्तर परीक्षण गराई मात्र भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६१ **उपभोक्ता समितिले सब कन्ट्रयाक्टबाट कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) बमोजिम उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नपाउने उल्लेख छ । पालिकाले निम्नानुसारको कार्यको शत प्रतिशत मेसिनबाट गर्ने गरी लागत अनुमान तयार गरेकोमा उक्त कार्य उपभोक्ता

समिति गराएकोमा उक्त समितिले सम्पूर्णकार्य निर्माण व्यवसायीबाट सम्पन्न गरी बिल विजक पेश गरेको छ । निर्माण कार्य उपभोक्ता समितिले सव कन्ट्रयाक्टरबाट गराएको देखिएको तथा उक्त कार्य उपभोक्ता समितिले गरेको नदेखिएकोले निमयमसम्मत देखिएन।

| भौचर नं | योजना/ उपभोक्ता समिति | लागत अनुमान | मुल्यांकन | भुक्तानी | कार्य गरेको निर्माण व्यवसायी | खरिद विवरण | बिल रकम |
|---|---|---|---|---|---|---|---|
| १२-०७९।७।२३ | पालिकाको विभिन्न सडक सरसफाई | | ३२५९५२९ | २९१०००० | वि एल कन्स्ट्रक्सन एण्ड सप्लायर्स | जेसिबि | १५७८६१० |
| | | | | | ओम श्री इम्मेक्स डिस्ट्रिव्यूट्रस प्रा लि | इन्धन | १४३०००० |
| | | | | | चन्देश्वरी आयल स्टोर | इन्धन | २५०००२ |
| | | | | | | जम्मा | ३२५८६१२ |
| ३२-०७९।१०।१८ | ढाडखोला बोटेनी सडक | २१५९८७५ | | १९३७१०० | राहुल कन्स्ट्रक्सन सर्लाही | जेसिबि | ५५३७०० |
| १०५-०७९।१२।२ | | | | | द ब्रदर आयल स्टोर | इन्धन | २४२९०० |
| | | | | | त्रियुग पेट्रोलियम प्रोडक्स डस्ट्रिव्यूटर्स | इन्धन | ५२०००० |
| | | | | | बि एल कन्स्ट्रक्सन एण्ड सप्लायर्स | जेसिबि | ३१३५७५ |
| | | | | | सिबि लुम्बिनि ट्रेडर्स प्रा लि | इन्धन | ५६६३७२ |
| | | | | | जम्मा | | २१९६५४७ |
| ६६-०७९।११।२८ | कामीसौरा बगडा हुदै फुस्रे जोडने सडक | ७५९८१२ | ७४८४१२ | ६७३५७१ | हेटौडा निर्माण एण्ड सप्लायर्स प्रा लि | जिसिबि | ७६४८६५ |
| जम्मा | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७३-०८० ।१।८ | पर्ता भित्रि जमुनी भलायो बोटेनी सडक | २१५९८७५ | २१५४१७५ | १९३८७५७ | प्रख्याट कन्स्ट्रक्सन प्रा लि | जेसिबि | १३३२८३५ |
| | | | | | प्रकृति इन्टरनेशनल | इन्धन | ८९९५२५ |
| जम्मा | | | | | | | २२३२३६० |
| १७१- | अमिलेदमार खोल्सी भुताहा सडक | ५३८९३१२ | ५३६८७०९ | ४८३१८३८ | बि एल कन्स्ट्रक्सन एण्ड सप्लायर्स | जेसिबि | १८६४५०० |
| | | | | | | इन्धन | २०५९९८६ |
| | | | | | | जम्मा | ३९२४४८६ |
| १६९-०८० ।१।५ | थापाडाँडा हुदै डुङडुङ्गे सडक | ५३९३६२ | ५३२५९२ | ४७९३३४ | पम्फा निर्माण सेवा | जेसिबि | २७०५२२ |
| | | | | | शिवबाबा आयल सेन्टर | इन्धन | २७२७६४ |
| | | | | | जम्मा | | ५४३२८६ |
| १५९-०७९ ।१२।२० | पुरानोगाउँ कुण्ड बरुण सडक उ स | २११४९८७ | २११४९८७ | १९०३४८८ | बि एल कन्स्ट्रक्सन एण्ड सप्लायर्स | जेसिबि | ७९५५२० |
| | | | | | Cb लुम्बिनि ट्रेडर्स | इन्धन | १४५९९८० |
| | | | | | जम्मा | | २२५५५०० |
| २१९-०८० ।१।१९ | घुम्ने बतासे भञ्यांङ देखि हरिवन भित्रिगाछी चोकसम्मको मोटरबाटो | ७६६३७५ | ७५०२७९ | ६७५२५१ | टु स्टार कन्स्ट्रक्सन | जेसिवि | ४०४९९८ |
| | | | | | प्रकृत इन्टरनेशनल | इन्धन | ३५००११ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा | ७५५००९ |
| २३३-०७९।२।३ | बुरमडाडा कैचल कोखाजोर सडक | ८६२४१० | ७५७४२३ | ६८१६८० | भिङ्ग निर्माण सेवा | जेसिबि | ३१८८३२ |
| | | | | | | इन्धन | ५६५६६५ |
| | | | | | जम्मा | | ८८४४९७ |
| २६२-०८०।२।२५ | सिम्ले खभिडाडा सोलघोप्टे हुदै दुखी जोड्ने सडक | ७५८३८७ | | ६५०१५४ | पि वि एम कन्स्ट्रक्सन | जेसिबि | ६०२०९ |
| | | | | | थिन निर्माण स्वा | जेसिबि | २७३८४४ |
| | | | | | श्रीगणेश श्रेसकालिका पेट्रोल पम्प | इन्धन | ४५०००१ |
| | | | | | जम्मा | | ७८४०५४ |
| २७२-०८०।३।३ | बनौली ताप्केडाँडा गढी दरबार सडक | ५४१३१२ | ४९३८१२ | ४४४४३१ | स्काईलेभल कन्स्ट्रक्सन प्रा लि | जेसिवि | २५७६४० |
| | | | | | | इन्धन | ३३१४९९ |
| | | | | | जम्मा | | ५८९१३९ |
| कुल जम्मा | | | | १७१२५६०४ | | | १४२६३८६९ |

## ६२ संघीय विशेष

✍ ........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. १,४०३,१९२ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

## ६३ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १४८९ जना रहेका छन। पालिकाले उत्पादक कम्पनीले

प्रकासन गरेको मुल्य सुचीको आधारमा आधिकारीक बिक्रेता मुक्तिनाथ मेडिको फर्मा- महालक्ष्मी-५ बाट १२२८० थान स्यानिटरी प्याड रु. १४४२८९९.९९ (मुल्य अभिवृद्धि कर समेत) मा खरिद गरेको छ। खरिद प्रतिष्पर्धात्मक विधिबाट खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६४ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | जिवन ज्योती प्रा वि जितपुरडाँडा | ३ | ३ | १ | १०० |
| २ | कालिका प्रा वि कोक्टी | ३ | ३ | १ | १६० |
| ३ | देवि प्रा वि दुविगोरण | ३ | ३ | ० | ६५ |
| ४ | नि मा वि बसेरी | ३ | ३ | २ | २३१ |
| ५ | मा वि कर्मीडाँडा चिसापानी | ८ | ८ | ० | ३९६ |
| ६ | जनकल्याण नि मा वि ककरे | ३ | ३ | १ | १४५ |
| ७ | ज्ञानोदय प्रा वि बढारे | २ | २ | ० | ६० |
| ८ | जिवनज्योती प्रा वि चिसापानी | १ | १ | १ | ४८ |
| ९ | कुण्डेश्वरी प्रा वि कुण्ड | २ | २ | ० | ६८ |
| १० | शिशु प्रा वि सानोकौवा | १ | १ | ० | ३१ |
| ११ | जनता प्रा वि राँगेचुरी | १ | १ | ० | ३६ |
| १२ | कुन्तेश्वरी प्रा वि क्यानभूताहा | २ | २ | १ | ८३ |
| १३ | धनेश्वर प्रा वि ढाडखोला | ३ | ३ | १ | ८९ |
| १४ | ब्रम्हेश्वर प्रा वि क्यानकेवलचुली | ३ | ३ | १ | ५१ |
| १५ | प्रा वि राँगेचुरी | ४ | ४ | २ | १११ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | पन्चकन्या प्रा वि झप्सी | २ | २ | ० | ८४ |
| १७ | जनप्रिय प्रा वि कँसभकार | २ | २ | ० | ५३ |
| १८ | कुशेश्वर मा वि ढप्सार | ५ | ५ | १ | ३१९ |
| १९ | जनजागृती नि मा वि क्यानसिर बन्चरे | ४ | ३ | १ | १३४ |
| २० | काकेश्वर प्रा वि कौवाडाँडा | ५ | ५ | ० | १०६ |
| २१ | नि मा वि धिमिलडाँडा | ४ | ४ | २ | १०२ |
| २२ | क्यानेश्वर मा वि पानतले | १६ | १५ | ३ | ४४८ |
| २३ | मिलन प्रा वि पथराई | १ | १ | ० | २० |
| २४ | सरस्वती शिशु प्रा वि जमुनिया | २ | २ | ० | १०४ |
| २५ | महाकुशेश्वर प्रा वि पुरानोगाउँ | १ | १ | ० | ५५ |
| २६ | जनकल्याण प्रा वि जरायोटार | १ | १ | १ | १६ |
| २७ | जनकल्याण प्रा वि सानोधुम्मे | १ | १ | १ | ४० |
| २८ | मन्जेश्वरी प्रा वि चिसापानी | १ | १ | १ | ४२ |
| २९ | कालिका प्रा वि सिमरास | ३ | ३ | ० | ८२ |
| ३० | जनहित मा वि बोटेनी | ७ | ७ | ० | ५१५ |
| ३१ | प्रा वि पेलुङ्गे सेपाहा | ३ | ३ | २ | ७५ |
| ३२ | जनप्रेमी प्रा वि द्वावारखोला | ३ | ३ | ० | ८२ |
| ३३ | प्रा वि जुटपानी | ३ | ३ | ० | ७२ |
| ३४ | मा वि झ्याडी | १५ | १५ | २ | ७८७ |
| ३५ | जनज्योती नि मा वि हाकापारा | ७ | ७ | ३ | १८४ |
| ३६ | वालविकाश प्रा वि हातिदमार | २ | २ | १ | ६९ |
| ३७ | डेन्साङ प्रा वि चायाचुटी | २ | २ | १ | ७० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | बनठाकुर प्रा वि आहालडाँडा | १ | १ | १ | २९ |
| ३९ | जनप्रगती प्रा वि बसेरी | ० | ० | ० | ३२ |
| ४० | बालविकाश केन्द्र भलखडा | ० | ० | ० | ११ |
| ४१ | वालकल्याण प्रा वि धनमानाखोला | १ | १ | १ | ५६ |
| ४२ | मनकामना प्रा वि जखौली | ३ | ३ | १ | १२६ |
| ४३ | महादेव प्रा वि पर्तानी | १ | १ | ० | ३९ |
| ४४ | जनप्रभात नि मा वि चैनपुर | ६ | ६ | २ | २४२ |
| ४५ | तिनकन्या प्रा वि ताप्केडाँडा | ४ | ४ | १ | १२३ |
| ४६ | जनविकाकाश प्रा वि बन्चरे | ३ | ३ | ० | १२८ |
| ४७ | जनता नि मा वि रतनपुर | ३ | ३ | १ | १३८ |
| ४८ | कुशेश्वर आ वि कुशदमार | ४ | ४ | २ | ११३ |
| ४९ | भानुभक्त मा वि तिनकुना | ७ | ७ | २ | ३०२ |
| ५० | हरिहरपुर मा वि घण्टे | १० | १० | ३ | ३४९ |
| ५१ | जनता मा वि बखफर | १६ | १६ | ५ | ५८९ |
| ५२ | प्रा वि बसन्तपुर | ० | ० | ० | ३० |
| ५३ | सम्झना प्रा वि गुर्जीडाँडा | ० | ० | ० | ३७ |
| | जम्मा | १९१ | १८९ | ४९ | ७४७७ |

शिक्षक विद्यार्थि अनुपात अनुसार विद्यालय यस वर्ष मर्ज गरेको देखिएन। एवं विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दी मिलान गर्नुपर्दछ ।भौगोलिक अवस्थाले कठिनाइ हुने स्थानमा कक्षा संख्या घटाई समेत शिक्षक विद्यार्थि अनुपात मिलानको कोशिस गर्नु जरुरी छ ।

६५ **उद्यम विकास कार्यक्रम**

लघु उधम विकास कार्यक्रम निर्देशिका २०७७ को दफा ४१ अनुसार उपलब्ध गराउने प्रविधिको कुल लागतको कम्तीमा २० प्रतिशत रकम उद्यमी स्वयमले व्यहोर्नु पर्ने व्वस्था छ । यस पालिकामा हस्तान्तरित प्रविध मध्ये देहायका सामानहरुको २० प्रतिशत ले हुने रकम रु । राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

| भौ।मिति | कार्यक्रम | भुक्तानी पाउने व्यक्ति | हस्तान्तरित सामान | रकम | कम्तिमा २० प्रतिशत वुझाउनुपर्ने राजस्व नवुझाएको |
|---|---|---|---|---|---|
| १४४।२०८०।२।१९ | लघुउधम विकास कार्यक्रम | पोष्टराज विक | इन्सटियन स्विस मेसिन | ८८५०० | १७७०० |
| १४४।२०८०।२।१९ | | पोष्टराज विक | स्टिल मेसिन स्टेन | ४०००० | ८००० |
| १४४।२०८०।२।१९ | | पोष्टराज विक | स्टेन्ट मेसिन | १०००० | २००० |
| १४४।२०८०।२।१९ | | पोष्टराज विक | कटिङ कैंची | १०००० | २००० |
| जम्मा | | | | | २९७०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,७०० |

६६ **नर्म्स विपरित प्रवधि हस्तान्तरण**

लघु उधम विकास कार्यक्रम निर्देशिका २०७७ को दफा ४१ अनुसार उपलब्ध गराउने प्रविधिको कुल लागतको कम्तीमा २० प्रतिशत रकम उद्यमी स्वयमले व्यहोर्नु पर्ने व्वस्था छ । पालिकामा हस्तान्तरित प्रविध मध्ये देहायका सामानहरुको २० प्रतिशत ले हुने रकम राजस्व दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिकाले प्रविधिको ८० प्रतिशत रकम र उधमीको २० प्रतिशत रकम गरी जम्मा १०० प्रतिशत नै रकम देहायका फर्महरुलाइ भुक्तानी गरेको देखिन्छ। यसरी निर्देशिका अनुसार २० प्रतिशत राजस्व दखिला नगरेकोले प्रमाण पेश गर्नुपर्दछ।

| भौ।मिति | कार्यक्रम | भुक्तानी पाउने व्यक्ति वा फर्म | हस्तान्तरित सामान | कार्यलयबाट ८०प्रतिशत रकम | कम्तिमा २० प्रतिशत उधमी |
|---|---|---|---|---|---|

| | | | | | को रकम |
|---|---|---|---|---|---|
| २१४।२०८०।३।२० | गरिवि निवारणका लागि लघु उधम विकास कार्यक्रम | जयकालि कृर्षि फर्म | सिलोपवनिल पलास्टिक टनेल | ४९२०८२ | १२५०९६ |
| १०३।२०८०।१।१३ | | रन्जितकार इन्टरप्राइजेज | चाप कटर (घास काट्ने मेसिन) | १२६०८० | ३२००० |
| २१२।२०८०।३।२० | | काफ्ले इन्टर प्राइजेज | डी फ्रिज | १२५५६० | ३१९२० |
| २१५।२०८०।३।२० | | रन्जितकार इन्टरप्राइजेज | चाप कटर (घास काट्ने मेसिन) | ३३८८७८ | ८४७९९ |
| जम्मा | | | | | २७३८१५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७३,८१५ |

## ६७ उत्पादित सामानको व्यवस्थित अभिलेख नभएको

गरिवी निवारणका लघु उधम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ३९ अनुसार तालिमबाट उत्पादित सामान तथा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिभित्रै परल मुल्यको पचास प्रतिशत छुट मुल्यमा सहभागीलाइ नै ढुवानी गर्न सकिने र सामान वा वस्तुको विक्रिवाट प्राप्त रकम तालिम सम्पन्न भएपछी शाखाले कार्यलयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा लघुउधमीतर्फ विभिन्न तालिम संचालनबाट उत्पादित सामाग्रीहरुको ५० प्रतिशत छुटले हुने रकम रु १२७०० लघुउधमिलाइ विक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

| भौ।मिति | उत्पादित सामाग्रीहरु | कार्यक्रम | भुक्तनी पाउने | परिमाण | दर | मुल्य ( शत प्रतिशत) | ५० प्रतिशत वुझाउनु पर्ने मुल्य |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६८।२०८०।३।११ | मिक्स अचार | लघु उधम विकास कार्यक्रम | पोष्टराज विक | ४० के जी | १८० | ७२०० | ३६०० |
| १६८।२०८०।३।११ | सस केचप | | पोष्टराज विक | १० प्याकेट | ३० | ३०० | १५० |
| १६९।२०८०।३।११ | पिडालुको मस्यौरा | | पोष्टराज विक | ८ के जी | २०० | १६०० | ८०० |
| १९१।२०८०।३।१७ | मिक्स अचार | | पोष्टराज विक | ३५ के जी | १८० | ६३०० | ३१५० |
| १४४।२०८०।२।१९ | फाइवर झोला | | पोष्टराज विक | ५०० वटा | २० | १०००० | ५००० |
| जम्मा | | | | | | | १२७०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,७०० |

६८ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्तअनुदानतर्फ स्थानिय तहबाट संचालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुदान गरी न्यानो झोलाको लागी अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परिक्षण गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत ४ वटा वर्थिङ सेन्टरमा गत वर्षको जिम्मेवारी १११ थान र खरिद भएको ४००थानको रु ३६०००० खर्च भएको देखिन्छ।यस बर्ष खरिद कार्य नभएकोले खर्च भएको पाइएन। गत वर्ष ११६ जना र यस वर्ष ११५ जना गरी २३१ जना प्रसुती भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका २८० थान न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेसन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परिक्षण गरेको देखिएन ।तसर्थ माग र आवाश्यक्ताको वस्तुनिस्ट आङ्कलन गरी गुणस्तरिय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा कपडाहरु मकाउने र सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

६९ **सोझै औषधि खरिद**

सार्वजनिक खर्च नियमावली २०६४ को नियम ३१ वमोजिम सार्वजनिक निकायले बिस लाख रुपैया भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्नुपर्दा खुल्ला वोलपत्रको माध्यमबाट गर्नुपर्नु व्यवस्था छ।सोहि नियमावलीको नियम ८५(१ ख) वमोजिम उपनियम ( १) र (१ क) जुनसुकै कुरा लेखिएको भएतापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक गरी सो उपनियममा उल्लेखित सिमाभन्दा बढी रकमको एउटै फर्मबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। यस वर्ष पालिकाले आन्तरिक स्रोतबाट रु १६०९८३६ संघिय शसर्तबाट रु १४०५७७० गरी कुल ३०१५६०७ को औषधी खरिद गरेको देखिन्छ। सो मध्य बोलपत्रको माध्यमबाट खरिद छैन । सोझै खरिद रु २६३२८७ तथा कोटेसनबाट १२७१६३२ र पत्रिकाबाट रु १४४८१४४ को औषधी खरिद गरेको पाइयो। वोलपत्र नगरी सिमा भन्दा बढी पटक पटक सोझै खरिद गरेकोले खर्चमा मितव्ययीता अपनाएको देखिएन।

| सि नं | भौ मिति | सप्लायर्स | रकम | सोझै खरिद | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४६४।२०८०।२।१० | क्रिष्टिना मेडिकल हल | ९४८६४ | सोझै खरिद | |
| २ | ८०।२०७९।६।१२ | मेडिगोल्ड इन्टरनेशनल | १४४८१४४ | | पत्रिकाबाट |
| ३ | ३९।२०७९।५।३० | क्रिष्टिना मेडिकल हल | ६२६५३ | सोझै खरिद | |
| ४ | ५१।२०७९।१०।२२ | पञ्चधुरा सर्जिकल | ४१७६ | सोझै खरिद | |
| ५ | १९८।२०८०।३।१८ | पञ्चधुरा सर्जिकल | २८८४९२ | | कोटेसन |
| ६ | ३०।२०७९।८।१४ | पञ्चधुरा सर्जिकल | ९७९७८ | सोझै खरिद | |
| ७ | २८।२०७९।८।१४ | गणेश ट्रेडर्स | ३६१६० | सोझै खरिद | |
| ८ | १९९।२०८०।३।१८ | सेतिदेवी मेडिसिन सप्लायर्स | ९८३१४० | | कोटेसन |
| जम्मा | | | ३०१५६०७ | | |

सैद्धान्तिक बेरुजु

७० **पारिश्रमिक कर**

आयकर ऐन २०५८ दफा ८७(१) अनुसार अनुसुची १ बमोजिमको दरले पारिश्रमिक कर गणना गर्नुपर्दछ । पालिकाले देहायका कर्मचारीको पारीश्रमिक कर घटी कट्टा गरेकोले नपुग कर असुल हुनुपर्दछ ।

| क्र सं | नाम र पद | बार्षिक आम्दानी | बार्षिक कट्टा एवं छुट | कर योग्य आय | वार्षिक कर | कट्टी रकम | नपुग कर |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | अमन कुमार शाह (आठौ तह) | ११५३५८१ | ६००० ०० | ५५३५८१ | १००७१६ | ९१३ ५८ | ९३५८ |
| २ | विवेक कुमार यादव (आठौ तह) | ११५३५८१ | ६००० ०० | ५५३५८१ | १००७१६ | ९१३ ५८ | ९३५८ |
| जम्मा | | | | | | | १८७१ ६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,७१६ |

७१ **बढी भुक्तानी**

कार्यलयले तलव खर्च लेख्दा पारित तलवि प्रतिवेदन अनुसार खर्च लेख्नुपर्दछ ।यस पालिकाको स्वास्थ्यतर्फको अहेब श्यामबाबु महत्तको असोज र कात्तिक महिनाको तलव र ग्रेडसहित जम्मा रु ७३५२८।४८ दोहोरो भुक्तानी भएकोले सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,५२८.४८ |

७२ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन २०५३तथा स्थानिय सरकार संचालन ऐन २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलव खर्च लेख्नुपर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराइ संङ्घिय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थतर्फ १८ कर्मचारीहरुको रु ११३९३९९०पालिकाका १७कर्मचारीहरुको ६३०६५३२।२० समेत रु १७७००५२२।४२ खर्च लेखेको छ।तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्दा दरवन्दी भन्दा बढी तलव र ग्रेड भुक्तानी हुनसक्ने जोखिम रहने हुदा तलवी प्रतिवेदन पारित गराएर तलव भत्ता भुक्तानी गर्नुपर्दछ।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : हरिहरपुरगढी गाउँपालिका, सिन्धुली , हरिहरपुरगढी गाउँपालिका , सिन्धुली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नविन गङ्तान लामा | २०७८-५-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शिवराज रेग्मी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८५५,८८७.९८ | २१,१२४,२०० | १,७०४,२१५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २३,६८४,३०२.९८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १६,४५६,२३२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ७,२२८,०७०.९८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | ५६३८७५७८.४६ |
|---|---|
| **आम्दानी** | **खर्च** |

| | | | |
|---|---|---|---|
| **संघीय सरकारबाट अनुदान** | ३२४१९५५०० | **चालु खर्च** | ३१७१७९८६३.१३ |
| **प्रदेश सरकारबाट अनुदान** | ५२१०५००० | **पूँजीगत खर्च** | १८५६८१६५३ |
| **राजश्व बाँडफाँट** | १२१४९६६७८.३३ | **वित्तीय/अन्य व्यवस्था** | १६७१२४१८२.४३ |
| **आन्तरिक आय** | २६२५०६९९.२१ | | |
| **अन्य आय** | १३३४९२६३८.७१ | | |
| **कुल आय** | ६५७५४०५१६.२५ | **कुल खर्च** | ६६९९८५६९८.५६ |
| **बाँकी मौज्दात** | | ४३९४२३९६.१५ | |